PRABHU BANK
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था)

प्रभु बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय : बबरमहल, काठमाडौं, नेपाल
फोन : +९७७-०१-५७१९०००, टोल फ्रि नं. : १६६००१०७७७७
इमेल : info@prabhubank.com
वेबसाइट : www.prabhubank.com
SWIFT : PRVUNPKA

# प्रेस विज्ञप्ति

## केही सञ्चारमाध्यममा प्रकाशित भ्रामक तथा आधारहीन समाचारप्रति प्रभु बैंक लिमिटेडको आधिकारिक धारणा

हाल केही सञ्चारमाध्यमहरूमा प्रभु बैंक लिमिटेड तथा बैंकका सञ्चालक, पदाधिकारी र व्यवस्थापनसँग सम्बन्धित विषयलाई लिएर सत्यतथ्यको पर्याप्त पुष्टि नगरी एकपक्षीय, अतिरञ्जित तथा भ्रामक सामग्री प्रकाशन तथा प्रसारण भइरहेकोप्रति प्रभु बैंक लिमिटेडको गम्भीर ध्यानाकर्षण भएको छ।

यस्ता भ्रामक समाचारहरू प्रकाशन गरी बैंकको संस्थागत प्रतिष्ठा, सञ्चालक तथा पदाधिकारीहरूको व्यक्तिगत मान-मर्यादा, बैंकप्रतिको सार्वजनिक विश्वास तथा नियामकीय निकायहरूप्रति अनावश्यक भ्रम सिर्जना गर्ने दुष्प्रयासप्रति बैंक गम्भीर असहमति व्यक्त गर्दै प्रकाशित तथा प्रसारित त्यस्ता दुराशययुक्त समाचारहरूको पूर्ण रूपमा खण्डन गर्दछ।

बैंकभित्र कर्मचारी सरुवा, **कार्य जिम्मेवारीमा आवश्यक समायोजन**, आन्तरिक व्यवस्थापन, कर्जा असुली प्रक्रिया सञ्चालन, धितो लिलामी सूचना प्रकाशन लगायतका कार्यहरू बैंकिङ व्यवसायका नियमित तथा कानुनसम्मत संस्थागत अभ्यासहरू हुन्। यस्ता नियमित प्रशासनिक तथा व्यावसायिक प्रक्रियाहरूलाई वास्तविकताभन्दा फरक ढङ्गले, कुनै पनि आधार, प्रमाण वा आधिकारिक पुष्टि बिना सञ्चारमाध्यममा प्रकाशन तथा प्रसारण गर्नु तथ्यपरक पत्रकारिताको मर्म, व्यावसायिक आचारसंहिता तथा जिम्मेवार सञ्चार अभ्यासअनुकूल हुँदैन भन्ने बैंकको स्पष्ट धारणा रहेको छ।

विगतमा केही कर्जा फाइलसम्बन्धी विषयमा अधिकारप्राप्त निकायबाट अनुसन्धान भएका र सम्बन्धित मुद्दाहरू सक्षम अदालतमा विचाराधीन रहेका सन्दर्भमा बैंकले नियामकीय प्रावधान तथा प्रचलित कानूनको पूर्ण पालना गर्दै आवश्यक जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण तथा सुधारात्मक उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिरहेको छ। भविष्यमा यस्ता कमजोरी दोहोरिन नदिन बैंक थप सुदृढ प्रणालीसहित निरन्तर प्रतिबद्ध रहेको छ।

त्यसैगरी, बैंकको सञ्चालक समिति तथा व्यवस्थापनबाट हुने सम्पूर्ण निर्णयहरू सम्बन्धित कानून, नेपाल राष्ट्र बैंकका निर्देशन तथा नियामकीय मापदण्डबमोजिम नै हुँदै आएका छन् र भविष्यमा पनि पूर्ण रूपमा सोही अनुरूप सञ्चालन हुने प्रतिबद्धता बैंक पुनः व्यक्त गर्दछ।

सञ्चारमाध्यममा कुनै पनि सूचना वा समाचार प्रकाशन तथा प्रसारण गर्नु अघि त्यसको सत्यता, तथ्यपरकता, विश्वसनीयताको परीक्षण तथा सम्बन्धित पक्षबाट आवश्यक पुष्टि गर्नु पत्रकारिताको आधारभूत व्यावसायिक दायित्व हो। अनुमान, अपुष्ट स्रोत वा एकपक्षीय सूचनाका आधारमा सामग्री सम्प्रेषण गर्दा सम्बन्धित संस्था, व्यक्तिको प्रतिष्ठा, सार्वजनिक विश्वास तथा समग्र वित्तीय प्रणालीप्रति नै अनावश्यक भ्रम र नकारात्मक धारणा सिर्जना हुन सक्ने भएकाले आगामी दिनमा यस्ता विषयमा उच्चतम व्यावसायिक संवेदनशीलता, निष्पक्षता तथा तथ्यपरकताका साथ समाचार सम्प्रेषण हुनेमा बैंक विश्वस्त रहेको छ।

PRABHU BANK
Head Office

THE BANKER
BANK OF THE YEAR
2023
NEPAL

प्रभु बैंक लिमिटेड आफ्ना सम्पूर्ण निक्षेपकर्ता, कर्जाग्राही, शेयरधनी, ग्राहकवर्ग, लगानीकर्ता तथा सम्पूर्ण सरोकारवालाको हित प्रवर्द्धन गर्ने कार्यमा स्पष्ट नीति, प्रभावकारी कार्यक्रम तथा दीर्घकालीन कार्ययोजनासहित अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै बैंकसम्बन्धी कुनै पनि सूचना वा समाचारका सम्बन्धमा बैंकबाट आधिकारिक रूपमा जारी गरिएका सूचना तथा विश्वसनीय स्रोतबाट प्राप्त जानकारीलाई मात्र आधार बनाउन सम्पूर्ण सरोकारवालामा हार्दिक अनुरोध गर्दछ।

अन्त्यमा, संविधानद्वारा प्रत्याभूत प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण सम्मान गर्दै सत्य, निष्पक्ष, सन्तुलित तथा तथ्यमा आधारित पत्रकारिताको मूल्यमान्यता, व्यावसायिक आचारसंहिता तथा नैतिक जिम्मेवारीलाई आत्मसात् गरी जिम्मेवार, विश्वसनीय तथा तथ्यपरक समाचार सम्प्रेषण गर्नुहुने सम्बन्धित सम्पूर्ण सञ्चारमाध्यम, सञ्चारकर्मी तथा सरोकारवाला सबैमा प्रभु बैंक लिमिटेड हार्दिक अनुरोध गर्दछ।

**सुमन शर्मा**
**प्रमुख कार्यकारी अधिकृत**
**प्रभु बैंक लिमिटेड**

मिति ः २०८३र०४र१८

PRABHU BANK
Head Office